# गैरसरकारी संस्था महासंघ नेपाल
# NGO FEDERATION OF NEPAL

२०८२ पुस २२

**वीरगञ्जमा बढ्दो तनावप्रति गैरसरकारी संस्था महासंघ नेपालको अपिल**

पर्सा जिल्लाको वीरगञ्जमा धार्मिक र सामाजिक विषयलाई लिएर दुई समुदायबीच बढिरहेको तनावप्रति गैरसरकारी संस्था महासंघ नेपाल दुःख व्यक्त गर्दछ । यसै तनावका कारण स्थानीय प्रशासनले कर्फ्यूसमेत जारी गर्नु परेको घटनाप्रति महासंघ चिन्तित छ ।

महासंघ सबै सरोकारवालाहरु, स्थानीय राजनीतिक दल, धार्मिक गुरुहरु, स्थानीय प्रशासन, र निर्वाचित जनप्रतिनिधिहरुलाई शान्ति र सौहार्दता कायम गर्न र सर्वपक्षिय संवादको पहल अघि बढाउन आग्रह गर्दछ । सार्वजनिक सुरक्षा र सहअस्तित्व शान्ति निर्माणको मूल आधार हुनुपर्छ भन्नेमा महासंघ स्पष्ट छ ।

महासंघ सबै पक्षलाई शान्ति र स्थिरता कायम गर्नका लागि प्रशासनद्वारा जारी गरिएको निर्देशन पालना गर्न, संयम र सहकार्यको भूमिका निभाउन आह्वान गर्दछ । साथै, विभिन्न समुदायबीच आपसी विश्वास र समझदारी बढाउने कार्यमा पहल लिन स्थानीय नागरिक समाज र समुदायका नेतृत्वलाई अनुरोध गर्दछ ।

गैरसरकारी संस्था महासंघ नेपाल समस्याको शान्तिपूर्ण निकासका लागि सामाजिक सद्भाव, धार्मिक सहिष्णुता र मानवीय गरिमाको सम्मानप्रति प्रतिबद्ध रहन सबै पक्षलाई हार्दिक अपिल गर्दछ ।

देवी खड्का
महासचिव

गैर सरकारी संस्था महासंघ नेपाल
NGO FEDERATION OF NEPAL

अर्जुन भट्टराई
अध्यक्ष

(A National Federation of NGOs in Nepal)
P.O.Box 7768, New Baneshwor, Buddhanagar, Kathmandu
■ Phone: 977-1-4792908, 4791368; Fax: 977-1-4790559,
E-mail: info@ngofederation.org ■ Website: www.ngofederation.org